## कल कसरी गर्ने
## どのように電話するか

1. सर्वप्रथम, **0570-078377** (होउतेरस बहुभाषी जानकारी सेवा) मा फोन गर्नुहोस् (फोन शुल्क लागु हुनेछ)
2. अनुवादकलाई, तपाईंको समस्याको बारेमा व्याख्या गर्नुहोस्।
3. अनुवादकले तपाईं निकटको होउतेरस स्थानीय कार्यालय अथवा क्षेत्रीय कार्यालय को कर्मचारी सँग फोन जडान गर्नेछ।
4. तपाई, अनुवादक र होउतेरस कर्मचारी त्रिपक्षीय कलमा कुरा गर्न सकिनेछ।
5. तपाईंको अवस्थालाई विचार गरि, होउतेरस कर्मचारीले जापानी कानुनी प्रणालीको बारेमा सामान्य जानकारी दिनेछ अथवा सेवा प्रदायक को परिचय गर्नेछ।

1. まずは、**0570-078377**（法テラス多言語情報提供サービス）にお電話ください（通話料がかかります）。
2. 通訳業者に、問合せ内容をお伝えください。
3. 通訳業者が、みなさんの最寄りの地方事務所・支部の法テラス職員につなぎます。
4. みなさんと通訳業者の３者間で話すことができます。
5. あなたの状況によって、法テラス職員は、日本の法制度に関する一般的な情報を伝えたり、相談窓口を案内します。




## अन्य सेवाहरु
## その他のサービス

- सरकारी वकिलसँग सम्बन्धित कार्यहरु
- कानुनी सेवा खोजिरहेका व्यक्तिहरुको व्यवस्थापन
- आपराधिक पिडित लाई समर्थन
- सम्झौता सहयोग

- 国選弁護等関連業務
- 司法過疎対策業務
- 犯罪被害者支援業務
- 受託業務

https://www.houterasu.or.jp/multilingual/



リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。

2022年4月発行

法テラス
JAPAN LEGAL SUPPORT CENTER

# जापान न्यायिक समर्थन केन्द्र
(होउतेरस)

# 日本司法支援センター
（法テラス）




**जब तपाईं कुनै कानुनी मुद्दा या विवादहरूको सामना गर्ने परिस्थितिमा हुनुहुन्छ तब हामी निर्देशन र समर्थन को लागि हुनेछौं।**

法律問題でお困りのときは、法テラスへ。

जापान कानूनी समर्थन केन्द्र (होउतेरस) राष्ट्रिय सार्वजनिक निगम

日本司法支援センター（法テラス）は、国が設立した公的な法人です。

# सेवा कसरी प्रयोग गर्ने
# サービス利用方法

**सम्बन्ध विच्छेद, बच्चाको हिरासत, घरेलु हिंसा, ऋण, यातायात दुर्घटना, श्रम सम्बन्धी मुद्दाहरू, भिसा वकिलसँग परामर्श लिन चाहन्छु, तर कहाँ जाने थाहा छैन**

離婚、親権、DV、ローン、交通事故、労働問題、ビザ、法律家に相談したいけど、どこに行けばいいかわからない…

## बहुभाषी जानकारी सेवा
## 多言語情報提供サービス

**विषयवस्तुमा आधारित रही समस्या समाधान का लागि उपयोगी जापानको कानुनी प्रणाली अथवा वकिल सङ्घको नि:शुल्क परिचय गर्दछौं ।**

お問合せの内容に応じて、解決に役立つ日本の法制度や弁護士会などの相談窓口を無料で紹介します。

**0570-078377**

IP फोन या प्रिपेड सेल फोन प्रयोग गर्दा कृपया 050-3754-5430 मा कल गर्नुहोला ।

IP電話、プリペイド携帯電話からは、050-3754-5430へお電話ください。

**सोमबार ～शुक्रवार, बिहान 9 देखि साँझ 5 बजे सम्म**

月曜から金曜まで、午前９時から午後５時まで

*शनिवार, आइतवार, सार्वजनिक बिदा, वर्षको अन्त्य र नयाँ वर्षको छुट्टीहरूमा यो सेवा उपलब्ध हुने छैन।

*土日祝日及び年末年始は利用できません。

*कल शुल्क लागु हुनेछ।

*通話料がかかります。

## समर्थन गरिने भाषाहरू　対応言語

अङ्ग्रेजी, चिनिया, कोरियन, स्पेनिस, पुर्तगाल, भियतनाम, तागालग, नेपाली, थाइ, इन्डोनेसियन

英語、中国語、韓国語、スペイン語、ポルトガル語、ベトナム語、タガログ語、ネパール語、タイ語、インドネシア語

**कानुनी सेवा आवश्यकता भएका तर वहन गर्न नसकेका व्यक्तिहरू लाई वकिल द्वारा नि:शुल्क कानुनी सल्लाह र ब्याज मुक्त ऋण प्रदान गर्दछौं।**

法律の支援を必要としながらも経済的に余裕がない人のために、無料の法律相談と、弁護士・司法書士費用の立て替えを行っています。

## नागरिक कानुनी सहायता　民事法律扶助

### सहायता पाउन को लागि आवश्यक सर्तहरू　援助要件

नागरिक कानुन सहायता प्राप्त गर्न, निम्न सर्तहरू पूरा गर्नुपर्नेछ।

1. तल दिइएको उदाहरण अनुसार, आवेदकको आय श्रोत निश्चित स्तर भन्दा कम हुनु पर्नेछ। श्रीमान्/श्रीमती सँग सम्बन्धित कानुनी मामला नभएको खण्डमा श्रीमान/श्रीमती दुवैको आय र सम्पत्ति हिसाब गरिनेछ।
2. सफल परिणामको सम्भावना।
3. नागरिक कानुन सहायताको उद्देश्यको निरन्तरता।

民事法律扶助を受けるためには、次の条件を満たす必要があります。

1. 下記の例のように、申込者の資力が一定以下であること。配偶者間の問題でない限り、申込者の配偶者の収入及び財産も計算に含められます。
2. 勝訴の見込みがないとはいえないこと。
3. 民事法律扶助の趣旨に適すること。

### आवश्यक सर्त 1 को उदाहरण्　援助要件1の例

| एकल व्यक्ति　単身世帯 | दुई जनाको परिवार　２人世帯 |
| --- | --- |
| मासिक आय 1,82,000 येन वा सोभन्दा कम (आवासको लागत 41,000 येन सम्म थप्न सकिने), घरेलु सम्पत्ति 18,00,000 येन वा सोभन्दा कम।<br>毎月の収入が182,000円以下であること（家賃・住宅ローンは41,000円まで加算されうる）、かつ世帯の資産が1,800,000円以下であること。 | मासिक आय 2,51,000 येन वा सोभन्दा कम (आवासको लागत 53,000 येन सम्म थप्न सकिने), घरेलु सम्पत्ति 25,00,000 येन वा सोभन्दा कम।<br>毎月の収入が251,000円以下であること（家賃・住宅ローンは53,000円まで加算されうる）、かつ世帯の資産が2,500,000円以下であること。 |

टोकियो र ओसाका जस्ता केही ठुला शहरहरूमा, माथि दिइएको मासिक आय मापदण्ड भन्दा बढी तोकिएको हुन सक्दछ र केही खर्चहरू, जस्तै चिकित्सा खर्च समावेश नगरिने सम्भावना रहनेछ। कृपया थप विवरण को लागि होउतेरस को कर्मचारीलाई सम्पर्क गर्नुहोस्।

東京や大阪のようないくつかの大都市では、上に示した収入基準より高い金額になります。医療費のような一定の支出は除外される場合があります。詳細については職員に相談してください。

होउतेरसले जापानी नागरिक र कानुनी रूपमा जापान रहेका विदेशी नागरिकहरू लाइ नागरिक कानूनी सहायता प्रदान गर्दछ, आर्थिक समस्या का साथै कानुनी समस्या भोगिरहेका व्यक्तिहरुको समस्या को सामना गर्दछ। नागरिक कानुन सहायताले सबै नागरिक, घरेलु र प्रशासनिक मुद्दाहरू सिभिल कार्यवाहीमा समेटिएको छ (नोट: आपराधिक मुद्दाहरू समावेश गरिएको छैन)। नागरिक कानूनी सहायता स्थानीय र क्षेत्रीय कार्यालयहरु द्वारा संचालित छ।

法テラスの民事法律扶助は、日本人及び日本国内に適法に在留する外国人*で、法律問題に直面し、かつ経済的に余裕がない方に対して、おこなっています。これは、民事、家事、行政に関する問題で利用可能です（注意：刑事事件は対象外です。）。民事法律扶助は、地方事務所で運営されています。

### सेवाहरू　サービス

नि: शुल्क कानुनी परामर्श (कानुनी परामर्श सहायता): प्रत्येक प्रयोगकर्ताले एक मामलामा 3 पटक सम्म नि:शुल्क कानुनी परामर्श गर्न सक्ने छन् (1 पटकमा 30 मिनेट)। यो सेवा प्रयोग गर्नको लागि प्रयोगकर्ताले सर्त 1 र 3 पुरा गर्नु पर्नेछ। थप विवरणका लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

無料法律相談（法律相談援助）：同じ問題につき、３回の無料法律相談を受けることができます（１回あたり30分）。このサービスを受けるには、援助要件の１と3を満たす必要があります。詳細はお問合せください。

प्रतिनिधित्व सुविधा सेवा/कागजात तयारीमा सहायता: होउतेरसले वकिल मार्फत प्रतिनिधित्व सुविधाको सहायता र कागजात तयारीमा सहायता समर्थन गर्दछ। यो सेवा नि:शुल्क नभई, ब्याज-मुक्त ऋण हुनेछ। होउतेरसले सेवा प्रदायकलाई अग्रिम भुक्तानी गर्दछ,र प्रयोगकर्ताले सो भुक्तानी रकम फिर्ता गर्नु पर्नेछ। यी सेवाहरू प्राप्त गर्न प्रयोगकर्ताले सबै सर्त रआवश्यकताहरू पूरा गर्नु पर्दछ।

代理援助／書類作成援助:　　法テラスは、弁護士・司法書士による法的手続の代理や書類の作成をしてもらえるようお手伝いをします。このサービスは無料ではなく、利子のない貸付です。法テラスが、弁護士・司法書士にその費用を支払い、利用者はこれを法テラスに返済します。これらのサービスを受けるためには、援助要件すべてを満たさなければなりません。

* अन्तर्राष्ट्रिय बाल अन्गीकरण सम्मेलन (हेग कन्भेन्सन) द्वारा कार्यान्वयन गरिएको ऐन अनुसार, कुनै व्यक्ति जो सम्मेलन करारमा रहेको राज्यको नागरिक हो वा त्यस्ता राज्यहरूमा बसोबास गर्दछ भने ति क्यक्तिहरु लाई बृहत् कानुनी समर्थन ऐन अन्तर्गत को नागरिक मानिनेछ।

*国際的な子の奪取の民事上の側面に関する条約（ハーグ条約）の実施に関する法律により、同条約締結国の国民又は同条約締結国に常居所を有する者は、一定の場合に、総合法律支援法上の国民とみなされます。